प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: www.dang.akc.gov.np

# प्रस्ताव आह्वानको सूचना

## प्रथम पटक प्रकाशित मिति : २०७७/०६/१५

सहकारीहरुसंगको साझेदारीमा रेशमखेती क्षेत्र बिस्तार कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ अनुसार कृषि ज्ञान केन्द्र, दाङको आ.व.२०७७/०७८ को रेशमखेती क्षेत्र बिस्तार कार्यक्रम अन्तरगत देहाय वमोजिमका कार्यक्रममा सहभागी हुन ईच्छुक दाङ्ग जिल्लाका उद्यमी/कृषक/कृषक समुह/समिति/कृषि सहकारी/निजी फर्म/कम्पनीहरुले अधिक्तम अनुदान रकममा सिमा ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन ( मिति २०७७/०७/१९ गते) भित्र आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद भित्र वा रितपूर्वक नआएका निवेदन उपर कुनै कारवाही नहुने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने कागजात र मापदण्ड यस कार्यालयको वेभसाईट dang.akc.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**तपसिलः**

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको किसिम |
|---|---|---|---|---|---|---|
| १. | सहकारीहरुसंगको साझेदारीमा रेशमखेती क्षेत्र बिस्तार | १. किम्बु बिरुवा रोपण तयारी तथा ढुवानी<br>२.रासायनिक मलखाद ब्यबस्थापन<br>३ स्थलगत तालिम<br>४.किम्बु बिरुवा उत्पादन वा खरिद<br>५ सिंचाइ ब्याबस्थापन<br>६ औजार उपकरण खरिद<br>७. किरापालन घर निर्माण<br>८. कार्यक्रम सार्वजनिकीकरण र होर्डिङबोर्ड | १ किम्बु बिरुवा बगैचा स्थापना गर्नेक्षेत्र उपर्युक्त हुनु पर्ने छ तथा सुदृढिकरण गरी उत्पादन क्षमता र गुणस्तरीयता अभिवृद्धि गर्न ।<br>२ किम्बु बिरुवा रोपण को लागि एक क्लष्टरमा कम्तिमा ५ हेक्टर जमिन एकै स्थानमा हुनुपर्नेछ।<br>- विरुवा उत्पादनको लागि आवश्यक जग्गा उपलव्ध हुनुपर्ने ।<br>३ एउटा क्लस्टर भित्र एक ब्यक्ति वा एक भन्दा बढी ब्यक्तिले सहभागिता जनाउन | दाङ जिल्ला | उद्यमी/कृषक/कृषक समुह/समिति/कृषि सहकारी/निजी फर्म/कम्पनीहरु | |

प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दाङ
☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: www.dang.akc.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सक्नेछन ।<br>४ किम्बु क्षेत्र बिस्तार गर्ने जमिन आफनो नाममा भएको वा करारमा लिएको भए जमिनको कित्ता नं. खुल्नेगरी कम्तिमा २० बर्षको करार सम्झौता गरेको हुनुपर्नेछ।<br>५ एकै क्षेत्रमा कम्तिमा पनि २वटा क्लस्टर (१० हेक्टर) क्षेत्रमा किम्बु खेति गर्ने कृषक उद्दमी वा ब्यबसायी सहकारी समुह रेशम कोया संकलन गरी धागो उत्पादन गर्ने पूर्बाधार भएका र रेशम कपडा उत्पादन सरिक उद्दमीहर युबा तथा महिलाहरलाइ प्राथमिकता दिइनेछ। | | | |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. प्रस्तावकको सक्कल निवेदन,
२. समुह/सहकारी/निजी कृषि फर्म/ कम्पनीहरुले नियमानुसारको दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,
३. स्थायी लेखा नम्वर (PAN) प्रमाण-पत्रको प्रतिलिपि,
४. गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
५. कार्यक्रम संचालनको लागि कार्य-योजना सहितको प्रस्ताव,
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि,
९. निर्माण गर्ने पूर्वाधारको हकमा लागत-अनुमान तथा नक्सा,

प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: www.dang.akc.gov.np

१०. कार्यक्रम संचालनको लागि जग्गाधनि दर्ता प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा २० वर्षको करार सम्झौता पत्रको प्रतिलिपि,

११. कार्यक्रमको स्वघोषणा पत्र ।

**नोट : थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, दाङ्गमा सम्पर्क राखुहुन तथा कार्यालयको फोन नं. ०८२-५६०१३०, ०८२-५६००२५ र यस कार्यालयको सम्पर्क व्यक्ति रुद्रमणि पौडेलको मोवाईल नं. ९८५११६५१७२ मा सम्पर्क राखुहुन अनुरोध छ ।निवदेनको ढाचाँ कृषि ज्ञान केन्द्र, दाङको वेभसाईट dang.akc.gov.np वाट प्राप्त गर्नसक्नुहुनेछ ।**